डुङ्गेश्वर गाउँपालिका, दैलेखका अध्यक्ष

श्री सुन्दर कुमार के.सी.ज्यूले गाउँ सभाको १९ औं अधिवेशनमा प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

पेस मितिः २०८३/०३/१०

पारित मितिः२०८३/०३/१०

हस्ताक्षरः

**गाउँ सभाका उपाध्यक्षज्यू,**
**गाउँ सभाका सचिवज्यू,**
**गाउँ सभाका सदस्यज्यूहरू,**
**सबै कर्मचारीज्यूहरू,**

नेपालको संविधानले शासकीय सत्तालाई तल्लो तहसम्म पुऱ्याएर प्रत्येक नागिरकलाई स्वशासन र सह-शासनको अधिकार सुनिश्चित गरेको छ । अहिले स्थानीय सरकारहरू सोही अधिकारको प्रयोगलाई उच्चतम विन्दुमा पुऱ्याउन तल्लीन छन्। नागरिकका अधिकार संरक्षण तथा प्रवर्द्धन गर्न अघि बढिरहेको यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका आन्दोलन लगायत सबै आन्दोलनहरूमा आफ्नो जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। सहिद, बेपत्ता तथा घाइते परिवारप्रति सम्मान सहित घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। यसैगरी राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र र जनजीविकाको आन्दोलनको नेतृत्व गर्नु हुने सम्पूर्ण अग्रजहरू प्रति उच्च सम्मान प्रकट गर्दै उहाँहरूले पुऱ्याउनु भएको अमूल्य योगदानको स्मरण गर्न चाहन्छु ।

साविकको गाउँ विकास समिति हुदै डुङ्गेश्वर गाउँपालिका निर्माणसम्म आईपुग्दा आ-आफ्नो स्थानबाट अहम् भूमिका निर्वाह गर्ने जनप्रतिधिज्यूहरू, पूर्व जनप्रतिनिधिज्यूहरू, राजनैतिक दलका नेतृत्वकर्ताहरू, समाजसेवी, बुद्धिजीवीहरू, विकास साझेदार संघ संस्थाहरू, गाउँपालिकामा कार्यरत कर्मचारी, नेपाल सरकार, प्रदेश सरकार, संवद्ध निकाय लगायत सम्पूर्ण गाउँपालिकावासी महानुभावहरू प्रति हार्दिक आभार प्रकट गर्दछु ।

यस डुङ्गेश्वर गाउँपालिका, विविधतायुक्त भूगोल, हावापानी, कला साहित्य, संस्कृति, धार्मिक सहिष्णुता र सभ्यताको संगम स्थलको रुपमा रहेको छ । प्राकृतिक स्रोत र साधनले भरिपूर्ण, सम्भावनायुक्त डुङ्गेश्वर गाउँपालिकालाई समग्र गाउँपालिकाको रणनैतिक दोस्रो आवधिक योजना मार्फत **"सुशासन र सर्वपक्षीय रूपान्तरणका लागि दिगो पूर्वाधारःसमाजवाद उन्मुख, सुखी पालिकावासी र समृद्ध डुङ्गेश्वरको मूल आधार"** भन्ने नारालाई आत्मसात् गर्दै सीमित स्रोत र साधानका बिच गाउँपालिकाको आन्तरिक स्रोतको पहिचान गरी अधिकतम परिचालन गर्ने स्पष्ट नीति लिइएको छ।

नागरिक सन्तुष्टिसहितको समृद्धि कायम गर्नु स्थानीय सरकारको मुख्य जिम्मेवारी भएकाले उक्त जिम्मेवारी बोध गर्दै गाउँपालिकावासीले विश्वासका साथ प्रदान गरेको अमुल्य मतदानबाट प्राप्त जिम्मेवारी प्रति हामी सदैव सचेत रहेका छौं। स्रोत र साधनको सीमितताको कारण जनताका सबै विकासका अपेक्षाहरू क्रमशः पूरा हुँदै गइरहेका छन् ।

यसर्थ आवश्यकताको प्राथमिकता, सम्भाव्यता, औचित्यताका साथसाथै बजेटको सीमितताका बीचबाट विकासको बाटो पहिल्याउने मूल उद्देश्य सहित यो वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु।

डुङ्गेश्वर गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम देहाय अनुसारका आधार र मार्गदर्शनमा टेकेर तर्जुमा गरिएको छः

१. नेपालको संविधान,
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
३. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७,
४. नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,
५. संघीय सरकार, प्रदेश सरकार र डुङ्गेश्वर गाउँपालिकाको दोस्रो आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरू,
६. संघीय सरकार र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरू,
७. नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा व्यक्त गरेका प्रतिबद्धताहरू,
८. नेपालले लिएका दिगो विकाससम्बन्धी लक्ष्यहरू,
९. गाउँपालिकामा रहेका विभिन्न विषयगत क्षेत्रले अवलम्बन गरेका नीतिहरू,
१०. जनताका वर्तमान आवश्यकता र अति आवश्यक देखिएका अन्य विषयहरू,
११. सरोकारवालाहरूबाट प्राप्त सल्लाह सुझाबहरू र
१२. चुनावी घोषणापत्रहरू ।

**गाउँ सभाका सदस्यज्यूहरू,**

गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम निर्माण गर्दा थप निम्न कुराहरूलाई विशेष रूपमा ध्यान दिइएको छः

- डुङ्गेश्वर गाउँपालिकालाई सुशासनयुक्त गाउँपालिका बनाउने कार्यका लागि आवश्यक नीति तथा कानुनहरू निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- अध्यक्ष कोषलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्र रहेका सडकहरूको स्तरोन्नति, सरसफाइ, नयाँ सडक निर्माण र विपद्को समयमा उपयोग गर्नका लागि ब्याक हो लोडर मेसिनको व्यवस्थित रुपमा संचालन गरिनेछ।
- पालिकाभित्र निर्माण भएका पूर्वाधारहरूको संरक्षण मर्मत आवश्यक सुधार गर्नका लागि संचालन हुने आयोजनाबाट १ प्रतिशत कट्टि गरी मर्मत सम्भार कोष स्थापना र सञ्चालन गरिनेछ ।
- फुसको छाना मुक्त घर बनाउने अभियानलाई पूर्णता दिन "सुरक्षित नागरिक आवास कार्यक्रम" लाई निरन्तरता दिइनेछ ।
- डुङ्गेश्वर गाउँपालिकाको वडा नं. १ लाई औद्योगिक ग्राम क्षेत्र, वडा नं. २ लाई पर्यटकीय र कृषि क्षेत्र, वडा नं. ३ लाई कृषि तथा पशुपालन क्षेत्र, वडा नं. ४ लाई शैक्षिक क्षेत्र, वडा नं. ५ लाई फलफूल पकेट क्षेत्र र प्रशासनिक क्षेत्र र वडा नं. ६ लाई व्यापारिक हबको रुपमा विकास गर्ने नीति कायम गरिनेछ।
- नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी बालुवा), प्राकृतिक स्रोत तथा खानिजन्य उत्खनन् कार्यलाई व्यवस्थित गर्दै राजश्वका थप स्रोतहरू पहिचान गरी त्यसको दायरा विस्तार गर्दै लगिनेछ ।
- सीमित स्रोतबाट अधिकतम प्रतिफल प्राप्तिका लागि सरकारी, गैर सरकारी निकाय तथा निजी क्षेत्रसँग साझेदारी गरिनेछ। राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्था (जस्तैः जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACC), हेल्भेटास नेपाल, एभरेष्ट क्लब, सोसेक, नेपाल रेडक्रस सोसाइटी, आइएन एफ) हरू लगायतका एकल तथा साझेदारी सहयोगबाट सञ्चालन हुने आयोजनाहरू सम्बन्धित संघसंस्थासँग समन्वय र सहकार्य गरी एकद्वार प्रणालीबाट सञ्चालन गरिनेछ।
- सम्बन्धित पालिका तथा वडासँग समन्वय र सहकार्य गरी एक पालिका देखि अर्को पालिका र एक वडा देखि अर्को वडाका जनताहरूलाई लाभ हुने खालका योजना तथा कार्यक्रमहरू लाई विशेष प्राथमिकतामा राखी आयोजना सञ्चालन गरिनेछ ।

**गाउँ सभा सदस्यज्यूहरू,**

अब म संघीयता कार्यान्वयन सँगै स्थानीय तहहरूको स्थापना पश्चात विगतका आर्थिक वर्षहरूमा भएका असल अभ्यासहरूलाई निरन्तरता दिदै संघ र प्रदेश सरकारका नीतिहरूको अवलम्बन तथा गाउँपालिकाको विद्यमान स्रोत र साधनको उपलब्धतालाई मध्यनजर गर्दै गाउँपालिकावासी, राजनीतिक दल र सरोकारवालाहरूबाट प्राप्त सुझावको आधारमा तयार गरिएको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम यहाँहरू समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**(क) आर्थिक विकास**

**१. कृषि तथा पशुपन्क्षी**

**<u>"उन्नत कृषिः किसानको समृद्धि"</u>**

सिचाइ विस्तार, कृषि भूमिको सही उपयोग र आधुनिक प्रविधिको माध्यमबाट कृषिको आधुनिकीकरण र बजारीकरण गर्दै पालिकालाई आत्मनिर्भर र किसानलाई समृद्ध गराउनः

- कृषि क्षेत्रको दिगो, समावेशी तथा व्यावसायिक विकास सुनिश्चित गर्न यस योजना अन्तर्गत प्रस्तावित नीति, रणनीति, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयन तीन वटै तहका सरकार, निजी क्षेत्र, सहकारी क्षेत्र, कृषक समुदाय तथा विकास साझेदार संस्थाहरूबीचको प्रभावकारी समन्वय, सहकार्य र साझेदारीमार्फत गरिनेछ। कृषि क्षेत्रको रूपान्तरणलाई तीव्रता दिन सार्वजनिक-निजी-सहकारी साझेदारी(Public-Private- Co-Operative Partnership-PPCP) लाई कार्यान्वयनको प्रमुख आधारका रूपमा अवलम्बन गरिनेछ।
- योजनाको सफल कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकार, गाउँपालिका तथा सम्बन्धित निकायहरूको नीति, कार्यक्रम, बजेट तथा स्रोत-साधनबीच अन्तरसम्बन्ध, पूरकता र समन्वय कायम गरिनेछ। कृषि उत्पादन, उत्पादकत्व वृद्धि, मूल्य श्रृङ्खला विकास, कृषि उद्यमशीलता, प्रशोधन, भण्डारण तथा बजारीकरणसँग सम्बन्धित कार्यक्रमहरूलाई एकीकृत तथा परिणाममुखी ढङ्गले कार्यान्वयन गरिनेछ।
- कृषक, कृषक समूह, कृषि सहकारी संस्था, निजी क्षेत्र, अनुसन्धान तथा प्राविधिक सेवा प्रदायक संस्था र स्थानीय समुदायको सक्रिय सहभागिता तथा स्वामित्व अभिवृद्धि गर्दै कृषि विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

- **"एक घर एक करेसाबारी: बाह्रै महिना हरियो तरकारी"** भन्ने नारालाई आत्मासात् गरी कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।
- कृषि क्षेत्रको उत्पादनमा आउने प्राकृतिक तथा बाह्य जोखिमबाट हुने क्षतिपूर्तिको उचित व्यवस्थापन गरिनेछ। कृषि र पशुपालन व्यवसायमा हुने जोखिमलाई न्यूनीकरण गर्न कृषि बीमा कार्यक्रम गर्न प्रोत्साहन गरिनेछ ।
- गाउँपालिकाभित्र पशु तथा जनस्वास्थ्य संरक्षणलाई सुदृढ बनाउन पशुहरूमा देखिने खोरेत (FMD), पिपिआर (PPR), क्लासिकल स्वाइन फिभर (CSF), रेबिज, लम्पी स्किन डिजिज (LSD) तथा पन्छीहरूमा रानीखेत रोग विरुद्धको खोप तथा रोग नियन्त्रण कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
- पशुपन्छीको स्वास्थ्य सुधार तथा उत्पादनशीलता वृद्धि गर्न नियमित पशु औषधि उपचार सेवा, पशु बन्ध्याकरण, पशु प्रजनन सेवा, आकस्मिक महामारी रोग नियन्त्रण, तथा आवश्यक शल्यक्रिया सेवाहरू प्रभावकारी रूपमा सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । भेटेरिनरी सेवाको पहुँचबाट टाढा रहेका किसानहरूको पशुधनमा लाग्ने रोगको उपचार तथा नियन्त्रणको लागि निःशुल्क पशु स्वास्थ्य शिविर तथा अन्य शिविरहरू सञ्चालन गरिनेछ। पालिकास्तरीय पशुरोग प्रयोगशाला स्थापनाको लागि पहल गरिनेछ।
- पशुमा नश्ल सुधार गरी किसानको पशुपन्छीजन्य गुणस्तरिय उत्पादन बढाउन कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ। पशुहरूलाई आहारा व्यवस्थापन गर्नको लागि घाँस विकास कार्यक्रम अन्तर्गत उन्नत जातका डाले घाँस तथा भुई घाँसको क्षेत्र विस्तार कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका भित्र बसोबास गर्ने भेटेरिनरी विषय अध्ययन गरेका प्राविधिक जनशक्तिको दक्षता र सीपलाई प्रभावकारी रूपमा उपयोग गर्दै पशुपन्छीको उपचार सेवा, महामारी तथा संक्रामक रोग नियन्त्रण कार्यमा परिचालन गरिनेछ। साथै, व्यवसाय प्रवर्द्धन, युवा लक्षित कार्यक्रम तथा उद्यमशीलता विकासमार्फत उनीहरूलाई स्वरोजगार र आयआर्जनका अवसर सिर्जना गर्दै पशु स्वास्थ्य सेवाको पहुँच, गुणस्तर र दिगोपन अभिवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।

**२.उद्योग, सहकारी र पर्यटन**

सार्वजनिक, निजी र सहकारीको माध्यमद्वारा औद्योगीकरण गर्दै उत्पादन वृद्धि, रोजगारी सिर्जना, गरिबी निवारण र आत्मनिर्भर तथा समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्नः

- गाउँपालिका भित्र सञ्चालित सहकारी संस्थाहरूको विवरण अद्यावधिक, वर्गीकरण, नक्साङ्कन, नियमन तथा प्रोफाइल निर्माण गरी सहकारी सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थित बनाइनेछ। पालिकामा रहेका सबै सहकारी संस्थाहरूको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने र सहकारीहरूको नियमित अनुगमन गरी कुशल व्यवस्थापनमा जोड दिइनेछ।
- डुङ्गेश्वर गाउँपालिका भित्रका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, सम्पदाहरूको अध्ययन अनुसन्धान गरी संरक्षण तथा प्रवर्द्धन गरिनेछ । पर्यटन प्रवर्द्धनका लागि सम्भाव्यता बोकेका स्थल, डुङ्गेल मन्दिर, कोटाफेरा, मालिका मन्दिर, कुइयाँताल, मुग्रा धारा, देवल, शिलालेख, प्राचीन कुवाहरू, गुफा, झाङ्ग्रेढुङ्गा, सातमुल, नारायण थान, समजि मन्दिर लगायतका विभिन्न क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्नको लागि धार्मिक तथा साँस्कृतिक सम्पदाको रुपमा सूचिकृत गरी प्रचारप्रसारको अभियानलाई जोड दिइनेछ ।
- संघ र प्रदेश सरकारसँगको समन्वयमा पर्यटन विकासलाई प्रवर्द्धन गर्न पालिका भित्रका उपयुक्त स्थानमा होम–स्टे र पिकनिक स्थल सञ्चालन गर्न पहल गरिनेछ ।

**(ख) सामाजिक विकास**

पूर्वाधार, जनशक्ति, वित्तीय व्यवस्थापन र उच्च चेतनाको विकासद्वारा स्वास्थ्यसम्बन्धी मौलिक हकको कार्यान्वयन गर्नः

**१. स्वास्थ्य तथा आयुर्वेद तर्फः**

- स्वास्थ्य संस्था तथा गाउँघर क्लिनिकमार्फत वृद्धि अनुगमनलाई नियमित र प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- स्वास्थ्य सेवा प्रदान गर्ने निकायबाट प्रवाह हुने सेवाको गुणस्तर सुनिश्चिताको लागि गाउँपालिकास्तरबाट आवश्यक अनुगमन तथा मूल्याङ्कन संयन्त्रको व्यवस्था गरी प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।
- जलवायु परिवर्तनका कारण विभिन्न किसिमका सरुवा तथा जलजन्य रोगहरूको जोखिम बढ्दै गएको अवस्थालाई मध्यनजर गर्दै स्वास्थ्य संस्थाहरूको तयारी तथा क्षमता अभिवृद्धि गरिनेछ । सुरक्षित खानेपानी तथा सरसफाइ कार्यक्रम सञ्चालन गरी रोगको जोखिम न्यूनीकरण गरिनेछ ।

- विद्यालय, वडा र समुदायमा आयुर्वेद तथा योग शिक्षाका साथै आयुर्वेद घुम्ती शिविर संचालन गरिनेछ। सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकाहरूबाट जडीबुटी पहिचान कार्यक्रम संचालनमा ल्याइनेछ।
- पूर्ण खोप पालिका घोषणालाई दिगोपना दिइनेछ । जनघनत्व तथा भूगोलका आधारमा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न हाल सञ्चालनमा रहेका गाउँघर क्लिनिक, खोपकेन्द्र आवश्यकताअनुसार समायोजन, स्थानान्तरण तथा स्तरोन्नति गरिनेछ ।
- गर्भवती अवस्थामा स्वस्थ बानी व्यवहार अपनाउनका लागि टोल स्तरमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । PNC सेवालाई बढाउनका लागि स्वास्थ्यकर्मीहरूद्वारा घरमा पुगी जाँच गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ। मातृ तथा बाल स्वास्थ्य सेवा समन्वयका लागि **"मोवाईल स्वास्थ्य कार्यक्रम"** सञ्चालन गरिनेछ ।
- सबै वर्थिङ्ग सेन्टरहरूमा सुत्केरी र कुरुवालाई खानाको व्यवस्था गर्दै लगिने छ । गर्भवती महिलाहरूको नियमित स्वास्थ्य जाँच गर्न सबै वडाहरूबाट निःशुल्क भिडियो एक्सरे सेवा प्रदान गर्ने कार्यलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ ।
- सबै स्वास्थ्य संस्थामा खानेपानी, शौचालय, बिजुली, इन्टरनेट सेवा, भण्डारण कक्ष, प्रतिक्षालय, बगैचा र मापदण्ड अनुसारको फोहोरमैला बिसर्जनको व्यवस्था गरिनेछ ।
- स्वास्थ्यकर्मी तथा सामुदायिक महिला स्वास्थ्य स्वंयमसेविकाहरूलाई क्षमता विकासका लागि अन्तरपालिका भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ । स्वास्थ्यकर्मीहरूको बार्षिक कार्यसम्पादन मूल्याङ्कन गरी बार्षिक रुपमा उत्कृष्ट स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयमसेविकालाई सम्मान तथा पुरस्कृत गरिनेछ ।
- सुनौलो हजार दिनका आमा तथा बच्चाहरूको कुपोषणको अवस्थालाई मध्यनजर गर्दै प्रत्येक ६/६ महिनामा टोलस्तरमा पुगी पोषण लेखाजोखा गरी थप OTC सेन्टर स्थापना गरिनेछ ।
- पालिका भवनमा स्तनपान कक्ष निर्माण गरिनेछ ।
- समुदायमा आधारित एकीकृत बालरोग व्यवस्थापन तथा नवजात शिशु स्याहार कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न स्वास्थ्यकर्मीहरूको क्षमता अभिवद्धि गरिनेछ ।
- स्वास्थ्य संस्थाहरूबाट निःशुल्क परिवार नियोजनको सेवा विस्तार गरिनेछ ।
- आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि आवश्यक औषधि समयमै खरिद गरी वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- **जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि निःशुल्क घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रम**लाई यसै वर्षदेखि थालनी गरिनेछ ।
- महिला तथा किशोरीहरूको आत्मसम्मानको रक्षा गर्दै महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरू निर्मूल गर्न मर्यादित महिनावारी स्वच्छता व्यवस्थापन अभियान सञ्चालन गरिनेछ ।
- पालिका भित्रका स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकेको अवस्थामा स्वास्थ्य संस्थाको रेफरमा प्रदेश भित्रका जुनसुकै स्वास्थ्य संस्थासम्म पुऱ्याउन एकतर्फी एम्बुलेन्स सेवा निःशुल्क गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- विशेषज्ञ सहितको स्वास्थ्य शिविर मार्फत आँखा, स्त्री रोग, दन्त रोग र अन्य स्वास्थ्य परीक्षणका कार्यहरू सञ्चालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाको भूमिकाको उच्च मूल्याङ्कन गर्दे क्षमता अभिवृद्धि, थप व्यवस्थापनका सामग्री, प्रोत्साहन रकम र अवकाश कोषलाई निरन्तरता दिइनेछ साथै सञ्चार खर्चको व्यवस्था गरिनेछ ।
- पालिकास्तरीय मासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक समीक्षा गोष्ठी, पालिकाको वार्षिक प्रतिवेदन तयारी र स्वास्थ्य संस्थाहरूमा चौमासिक रुपमा सञ्चालन हुने कार्यक्रम लाई थप प्रभावकारी बनाइनेछ । स्वास्थ्य सेवासँग सम्बन्धित सूचना प्रणालीलाई एकीकृत गरी प्रकाशन गर्ने व्यवस्था मिलाइनेछ।
- गाउँपालिका तथा वडास्तरीय द्रुत प्रतिकार्य टोली (RRT) पुनर्गठन गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
- मृगौला रोग, मेरुदण्ड पक्षघात, क्यान्सर जस्ता दीर्घ रोगहरूको रोकथाम र व्यवस्थापनका लागि आवश्यक रणनीति लिइनेछ । यस्ता बिरामीहरूलाई नेपाल सरकारले दिँदै आएको औषधि उपचार खर्च नियमित रुपमा बैंक खाता मार्फत भुक्तानी गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- स्वास्थ्य क्षेत्रका प्रगति एवम् उपलब्धिहरूलाई संस्थागत गर्दै थप उपलब्धि हाँसिल गर्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरूसँग आवश्यक समन्वय, सहकार्य तथा साझेदारी गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय, जवाफदेही एवम् परिणाममूखी बनाउन नागरिक बडापत्र, निःशुल्क औषधिहरूको सूची, समिति तथा कार्यरत कर्मचारीहरूको फोटो सहितको नामावली टाँस गर्नुका साथै स्वास्थ्य संस्थाहरूको सामाजिक परीक्षण गरिनेछ ।
- स्वास्थ्यसम्बन्धी विभिन्न दिवसीहरू मनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

**२. खानेपानी, सरसफाइ र बजार अनुगमन**

**<u>"स्वच्छ खानेपानीः सफा बस्ती र राम्रो आनीबानी"</u>**

प्रत्येक नागरिकलाई स्वच्छ पिउने पानी र सरसफाइको व्यवस्था मार्फत सफा, सुन्दर र सभ्य पालिका निर्माण गर्नः

- **"एक घर एक धारा"** नीति अनुसार जलवायु उत्थानशील खानेपानी योजनाहरू निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । स्वच्छ र गुणस्तरीय खानेपानी उपलब्ध गराउन पालिकास्तरीय खानेपानी प्रयोगशालालाई थप स्रोत साधन सम्पन्न र व्यवस्थित गर्दै लगिनेछ ।
- वर्षाको पानी संकलन, संरक्षण पोखरी निर्माण तथा मुहान संरक्षण अभियानलाई प्राथमिकता दिइनेछ । खानेपानी योजनाहरूको दिगोपना सुनिश्चित गर्न समुदायको सक्रिय सहभागितामा स्रोत संरक्षण तथा व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ ।
- राष्ट्रिय खानेपानी सरसफाइ तथा स्वच्छतासम्बन्धी सूचना व्यवस्थापन नीति अनुसार NWASH-MIS सूचना प्रणाली अद्यावधिक गरिनेछ । जलवायु उत्थानशील खानेपानी योजना तयार गरी जलवायू अनुकूलित संरचना निर्माण तथा पुनःस्थापना कार्यका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- डुङ्गेश्वर वृहत खानेपानी आयोजना निर्माणका लागि डुङ्गेश्वर गाउँपालिकाको खानेपानी स्वच्छता तथा सरसफाइ योजना (Wash Plan) र डुङ्गेश्वर खानेपानी व्यवस्थापन बोर्ड (गठन, सञ्चालन र व्यवस्थापन) ऐन,२०८२ अनुसारको कार्य अघि बढाइनेछ ।
- गाउँपालिकालाई पूर्ण सरसफाइ उन्मुख बनाउन सार्वजनिक स्थल र विद्यालयहरूमा खानेपानी तथा सरसफाइ र वातावरणीय स्वच्छता लगायतका विविध कार्यक्रम सञ्चालन गरिनेछ ।
- उपभोग्य सामग्रीहरूको गुणस्तर कायम राख्न नियमित बजार अनुगमन तथा गुनासो सुनुवाई संयन्त्र मार्फत गाउँपालिका क्षेत्र भित्रका बजार अनुगमन तथा बजार व्यवस्थापन सुधार गर्ने प्रक्रियालाई निरन्तरता दिइनेछ ।
- नेपाल सरकारसँगको समन्वय र सहयोगमा लोहोरे-बाजथला-नारायण थान लिफ्टिङ्ग खानेपानी आयोजनाको कार्यलाई अगाडि बढाइनेछ ।
- डुङ्गेश्वर गाउँपालिका भित्रका बजार क्षेत्रहरूमा भएका फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ।
- साझेदारी संस्थाहरूको समन्वयमा डुङ्गेश्वर गाउँपालिका भित्र विभिन्न ठाउँहरूमा रिचार्ज पोखरीहरू निर्माण गरिनेछ ।
- **"बेकार बाट आविष्कार"** कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट अगाडि बढाइने छ ।

**३.शिक्षाः**

**"शैक्षिक सुशासन र विद्यार्थीहरूको सर्वपक्षीय रुपान्तरणका लागि दिगो शैक्षिक पूर्वाधारः सिर्जनशील, स्वाभिमानी र खुसी विद्यार्थी उत्पादन गुणस्तरीय शिक्षाको मूल आधार"** भन्ने दूरदृष्टिलाई प्राप्त गर्नः

- सरोकारवालाहरूसँगको समन्वयमा न्यून विद्यार्थी संख्या भएका सामुदायिक विद्यालयहरूको कक्षा घटाउने तथा समायोजन गर्ने कार्य गरिनेछ । **"जहाँ विद्यार्थी त्यहाँ शिक्षक"** कार्यक्रम मार्फत शिक्षक विद्यार्थी अनुपात, विषयगत शिक्षकको आवश्यकता एवम् विद्यमान दरबन्दीको आधारमा शिक्षक दरवन्दी पुनरावलोकन, मिलान तथा पुनर्वितरण गरिनेछ । साथै संघ सरकारसँगको सहयोगमा शिक्षक बैंक स्थापना गरी कार्यान्वयन गरिनेछ।
- **दिगो र विद्यार्थीमैत्री भौतिक पूर्वाधारः गुणस्तरीय सिकाइको पहिलो आधार** भन्ने विषयलाई मध्यनजर गर्दै संघ तथा प्रदेश सरकारसँगको साझेदारी तथा सहयोगमा आवश्यकता, औचित्यता र प्राथमिकताका आधारमा विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ । सबै सामुदायिक विद्यालयका बालविकास केन्द्रहरूमा बालमैत्री बसाइ र सिकाइ कुनाको प्रवन्ध गरिनेछ ।

- विभिन्न कारणले विद्यालय शिक्षाबाट बञ्चित विद्यालय उमेर समूहका बालबालिकाहरूको लगत संकलन तथा विवरण तयार गरी उनीहरूलाई विद्यालयमा **झिकाउने, टिकाउने, सिकाउने र बिकाउने** कार्यका लागि आवश्यक प्रवन्ध मिलाइनेछ । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सुनिश्चितता गर्न विद्यालय उमेर समूहका सबै किसिमका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गरी टिकाइराख्न दिवा खाजा, छात्रवृत्ति, स्टेशनरी वितरण जस्ता कार्यक्रमहरूलाई थप प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याइनेछ। सामुदायिक सिकाइ केन्द्रहरूलाई थप व्यवस्थित र जिम्मेवार बनाईनेछ।
- विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई शिक्षण सिकाइ क्रियाकलापकै अभिन्न अङ्गको रूपमा प्रयोग गर्न आवश्यक समन्वय तथा सहजीकरण गर्दै सिकाइस्तर कमजोर भएका विद्यार्थीहरूका लागि सिकाइस्तर प्रवर्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। आधारभूत शिक्षा परीक्षा (कक्षा-८) लाई थप व्यवस्थित गरी सञ्चालन गरिनेछ।
- सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूको पेसागत विकास गरी शैक्षिक गुणस्तर सुधार गर्न विभिन्न क्षमता विकास तालिम, रोष्टर शिक्षक परिचालन लगायत विभिन्न मागमा आधारित तालिम सञ्चालन गरिनेछ । मानव संशाधन विकास केन्द्रसँग समन्वय गरी लामो समयदेखि शिक्षक पेसागत विकास तालिम लिने अवसर नपाएका शिक्षकहरूलाई तालिमका लागि सिफारिस गरिनेछ । विद्यालयहरूको अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्दै नतिजाका आधारमा विद्यालय, प्रधानाध्यापक, शिक्षक, बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र विद्यार्थी सम्मान गर्ने कार्यलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ।
- सुशासन, पारदर्शीता, जवाफदेहिता तथा वास्तविकतामा आधारित विद्यालयस्तरीय शैक्षिक तथ्याङ्क व्यवस्थापन तथा अभिलेखीकरण गर्न एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावधिक, खण्डीकृत तथ्याङ्क अभिलेखीकरण, त्रैमासिक तथा वार्षिक प्रतिवेदन तयारी र त्यसको प्रयोगमा जोड दिइनेछ । गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरूमा डिजिटल सिकाइका लागि स्मार्ट बोर्ड व्यवस्थापन र सञ्चालन तथा सबै सामुदायिक विद्यालयहरूमा क्रमसः इ-हाजिरीको व्यवस्था गर्ने नीति लिइनेछ। कार्यसम्पादन र व्यवस्थापकीय प्रवन्ध तथा नतिजाका आधारमा सबै विद्यालयहरूको स्तरीकरण गर्ने कार्यको थालनी गरिनेछ ।
- **"घर पहिलो पाठशाला, आमा बाबु पहिलो शिक्षक"** भन्ने मान्यतालाई स्थापित गर्दै विद्यालयप्रति अभिभावकहरूको चासो र चीन्तन वृद्धि गरी बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालयहरूसँगको साझेदारीमा अभिभावक शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यार्थीहरूका लागि खेलकुद, सिर्जनात्मक अभ्यास, योग, ध्यान, प्रतिभा प्रष्फुटन जस्ता क्रियाकलाप सञ्चालन गरिनेछ। अपाङ्गता भएका बालबालिकाहरूका लागि सहायता सामग्री व्यवस्थापन गरिनेछ । सबै सामुदायिक विद्यालयलाई आकर्षक फूलबारी, करेसाबारी निर्माण तथा वृक्षारोपण गरी **सुन्दर र हरित विद्यालय** निर्माण गर्नुका साथै जलवायु उत्थानशीलता तर्फ अभिप्रेरित गरिनेछ ।
- डुङ्गेश्वर गाउँपालिका भित्र स्थायी बसोबास भई नेपाल भित्रका शिक्षण संस्थाहरूमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको तहमा विज्ञान विषय तथा प्राविधिक शिक्षा अध्ययनरत जेहेन्दार तथा विपन्न विद्यार्थीहरूलाई प्रदान गर्दै आएको **उपाध्यक्ष छात्रवृत्ति कार्यक्रम**लाई निरन्तरता दिइनेछ । **"हाम्रो डुङ्गेश्वर पहिचान"** स्थानीय पाठ्यपुस्तक डिजाइन तथा छपाई गरी सबै विद्यार्थीहरूलाई निःशुल्क वितरण गर्ने व्यवस्था मिलाइनेछ।
- विद्यार्थी, शिक्षक तथा सरोकारवाहरूमा सकारात्मक उर्जा र मनोबलको विकास गर्न व्यवहारिक उत्प्रेरणामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । विद्यालय दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी बनाउन स्थानीय उत्पादनमा आधारित दिवा खाजा प्रारूपको कार्यान्वयनमा जोड दिइनेछ । डुङ्गेश्वर गाउँपालिकाको विद्यालय शिक्षा क्षेत्र योजना (२०८२/२०८३-२०९२/९३) लाई समयानुकल अद्यावधिक गरी कार्यान्वयनमा ल्याइनेछ ।

**४ युवा, खेलकुद तथा रोजगारी तर्फः**

- **युवा स्वयम् सेवक कार्यक्रम** सञ्चालन गरी गाउँपालिकाका युवाहरूलाई विपद् उद्धार तथा व्यवस्थापन लगायतका कार्यमा सहभागी गराइने नीति लिइनेछ । युवा सञ्जाल तथा वडा युवा क्लवमा आवद्ध युवाको नेतृत्व विकासमा जोड दिइनुका साथै युवाको प्रतिभा पहिचान, विकास, सम्मान र प्रदर्शनको अवसर प्रदान गरिनेछ । श्रमको सम्मान गर्ने संस्कृति विकास गर्न कृषि, पशुपालन तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्यमी तथा स्वरोजगार युवालाई सम्मान र प्रोत्साहन गरिनेछ।

- **राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद** भन्ने आदर्श वाक्यलाई हृदयङ्गम गर्दै पालिकास्तरीय अध्यक्ष कप प्रतियोगिता सञ्चालन गरी गाउँपालिकाभित्र राष्ट्रियस्तरका खेलाडी उत्पादनमा जोड दिइनेछ । विद्यालय तह देखि नै खेल प्रतिभा प्रस्फुटनको वातावरण निर्माण गर्न विद्यालयलाई खेल सामग्री उपलब्ध गराउनुको साथै राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगतालाई थप व्यवस्थित रूपमा सञ्चालन गरिनेछ ।
- पालिका भित्रका रोजगारीका अवसरबाट वञ्चित व्यक्तिहरूलाई रोजगार सेवा केन्द्र अन्तर्गत रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ। **"श्रमको सम्मान राष्ट्रको अभियान"** कार्यक्रम र डिजिटल श्रम तथा रोजगार सेवासम्बन्धी अभिमुखीकरण तथा प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

**५. महिला, बालबालिका तथा जेष्ठ नागरिक तर्फः**

**"खुसी जेष्ठ नागरिक, सुखी बालबालिकाः अपाङ्गतामैत्री हाम्रो पालिका" लाई सार्थकता प्रदान गर्नः**

- महिला तथा बालबालिकासँग सम्बन्धित सबै अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, प्रतिवद्धताहरू तथा दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरी त्यसका सूचकहरू पूरा गर्दै लगिनेछ ।
- जलवायु परिवर्तनका असरहरूबाट सबैभन्दा बढी प्रभावित हुने महिला, गरिब, दलित, आदिवासी जनजाति तथा सीमान्तकृत समुदाय लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- लक्षित वर्गको विकासका लागि महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सवाललाई प्रत्यक्ष रूपमा संवोधन गर्दै लगिनेछ । लैङ्गिक हिंसा निवारण, महिला विकास कार्यक्रम लगायत क्षमता विकासका क्रियाकलापहरू सञ्चालन गर्न छुट्टै कोष स्थापना गरी कार्यान्वयन गरिनेछ ।
- अपाङ्गता सहायता कक्ष स्थापना गरी अपाङ्गता भएका व्यक्तिहरूका लागि सीपमुलक, आयआर्जनसम्बन्धी कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ। विपन्न परिवार, एकल महिला, पिछडिएका वर्ग, अति गरिब महिलाहरूको लागि आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूलाई विभिन्न कार्यक्रम मार्फत सम्मान तथा शिविर सञ्चालन गरिनेछ। दिवसीय कार्यक्रमहरूलाई निरन्तरता दिईनेछ ।
- सामुदायिक विद्यालयका किशोरकीशोरीहरूलाई बालविबाह, बालहिंसा, मानब बेचविखन, आत्मसुरक्षा, आत्महत्या रोकथामसम्बन्धी सचेतना जस्ता अभिमुखीकरण कार्यक्रम तथा अति गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई शैक्षिक सामग्रीहरू वितरण गरिनेछ ।
- बालिका तथा समावेशी शिक्षा सञ्जाल, बालक्लब तथा स्थानीय बालअधिकार समिति गठन, अभिमुखीकरण र परिचालन गरिनेछ। लैङ्गिक उत्तरदायी बजेट कोडिङ्ग तथा मानब अधिकार प्रर्वद्धन, संरक्षणसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाबाट सञ्चालन हुने "बहुक्षेत्रीय पोषण कार्यक्रम" र "गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम" लाई दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, महिला जस्ता लक्षित वर्ग केन्द्रित गरिनेछ।

**६. सामाजिक सुरक्षा तथा पञ्जीकरण व्यवस्थापन**

नागरिकहरूको सुख-दुःखको साथीका रूपमा स्थानीय सरकारलाई स्थापित गर्न सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढ गरी नेपाल सरकारको "डिजिटल नेपाल" को भावनालाई आत्मसात् गर्दै सामाजिक सुरक्षा भत्ता वितरण र व्यक्तिगत घटना दर्तालाई सतप्रतिशत पारदर्शी, बैंकिङ प्रणालीमार्फत सहज भुक्तानी र व्यक्तिगत घटना दर्तालाई समयमै पूर्ण रूपमा अनलाइन प्रविधिमा आधारित बनाउनः

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य सबै नागरिकहरूलाई सामाजिक सुरक्षा भत्ताको दायरामा ल्याई **"सक्नेले छोडौं, नसक्नेलाई जोडौं"** भन्ने नारा सहित सहज र सुरक्षित रूपमा वितरण गरिनेछ।
- ५५ वर्ष माथिका एकल पुरूष र अदालतबाट सम्बन्ध विच्छेद भएका तथा ४० वर्ष माथिका एकल महिलाहरूलाई दोहोरो नपर्ने गरी प्रदान गर्दै आएको मासिक एकल भत्ता रकमलाई निरन्तरता दिइनेछ ।
- सामाजिक सुरक्षा भत्ता अनिवार्य रूपमा बैंकिङ प्रणालीबाट मात्र वितरण गरिनेछ। हिडडुल गर्न नसक्ने पूर्ण अपाङ्गता भएका व्यक्ति र अति वृद्ध नागरिकहरूका लागि सम्बन्धित बैंकसँग समन्वय गरी **"गाउँघरमै सामाजिक सुरक्षा भत्ता"** अभियान सञ्चालन गर्न आवश्यक पहल गरिनेछ।

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम दर्ता, परिचयपत्र नवीकरण र प्रमाणीकरण गर्ने कार्य अनिवार्य रूपमा राष्ट्रिय परिचयपत्र नम्वरका आधारमा Biometric verification मार्फत गरिनेछ।
- स्थानीय जनप्रतिनिधि र पञ्जिकाधिकारीहरूका लागि (VERSP-MIS) प्रणाली सञ्चालन, सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता संग सम्बन्धित क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- **"घटना दर्ता सप्ताह"** मार्फत सबै वडाहरूबाट व्यक्तिगत घटना दर्ता गर्ने कार्यलाई अनिवार्य रूपमा अनलाइन प्रणाली (VERSP-MIS) मार्फत मात्र प्रवाह गर्दै घटना घटेको ३५ दिनभित्र दर्ता गराउन विभिन्न किसिमका सचेतनामूलक कार्यक्रमहरू संचालन गरिनेछ।
- जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा पालिका भित्रका नागरिकहरूको राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलन र कार्ड वितरण गर्ने कार्यलाई वडा तहसम्म विस्तार गर्न आवश्यक पहल गरिनेछ।
- गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरूबाट प्रवाह हुने सेवाहरू कागजरहित र डिजिटल प्रविधिमा आधारित गरिनेछ। छुटेका घटना दर्ता किताबलाई डिजिटाइजेशन गरिनेछ।

**७. भाषा, कला तथा संस्कृति प्रवर्धन**

**<u>"मौलिक कला र संस्कृतिः पर्यटनबाट समृद्धि"</u>**

मौलिक भाषा, कला, संस्कृति र सम्पदाको संरक्षण गर्दै स्थानीय पहिचानको अभिवृद्धि गर्न र पर्यटनको विकास मार्फत रोजगारी र समृद्धि हासिल गर्नः

- जैविक र पर्यावरणीय विविधतासहितको इकोटुरिजमलाई संरक्षण र विकास गरिनेछ । प्रत्येक वडामा बगैंचा तथा पार्कको विकास तथा व्यवस्थापन गरिनेछ।
- स्थानीय मौलिक भाषा, कला र संस्कृतिको संरक्षण, प्रवर्द्धन र प्रचारप्रसार गर्नका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**(ग) भौतिक पूर्वाधार विकासः**

**"सहज आवागमनको आधारः दिगो यातायात र पूर्वाधार"**

सहज आवागमन, अर्थतन्त्रमा गतिशीलता र सेवा एवम् आपूर्ति व्यवस्था सुनिश्चित गर्नः

- डुङ्गेश्वर बजारदेखि डाँडापराजुल जोड्ने कालोपत्रे सडकको बाँकी निर्माण कार्य समयमै सम्पन्न गर्न पहल गरिनेछ । प्रत्येक वडा केन्द्रलाई सडक पूर्वाधारमार्फत पालिका केन्द्रसँग र हरेक बस्तिहरूलाई उपयुक्त यातायात पूर्वाधारबाट नजिकको प्रशासनिक केन्द्र र बजारसँग जोडिनेछ।
- संघ र प्रदेश सरकारसँग को साझेदारीमा वडा नं. ५ को बाँस्कोटी देखि वडा नं. ४ हुदै वडा नं. ३ को हनेटा सडक तथा बिउराखेत देखि भवानी प्रा.वि. हुँदै कोटदेवल क्यापस अधुरो सडक र भैरवस्थान देखि औल मटेला हुँदै पैंयाचौर देउली सडक स्तरोन्नति गरिनेछ ।
- कोठीबाल्ने देखि पालिका केन्द्रसम्म जोड्ने सडक स्तरोन्नति गरिनेछ ।
- संघ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा जर्सीचोक देखि देउली हुँदै कुइयाताल जाने सडक, घोडाबास लटालि टाकुरा आग्र ज्यामिरे तिलिघाट सानीचौर हुँदै गाउँपालिका जाने सडक निर्माण तथा अन्य विभिन्न सडकहरूको निर्माण तथा स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- सम्बन्धित निकाय (सडक विभाग, नापी कार्यालय, जिल्ला प्रशासन, भूमि प्रशासन कार्यालय) हरूसँग समन्वय र सहकार्य गरी गाउँपालिका भित्रका सडकहरूको लगत कट्टा कार्य अगाडि बढाइनेछ ।
- सडक क्षेत्रमा सुरक्षा र दुर्घटना रोकथामका लागि सम्बन्धित निकायहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकाको यातायात गुरुयोजना अनुसार सडकको ट्र्याक खोल्ने तथा सडकको स्तरोन्नति गर्ने बेलामा हुने वातावरण अन्य विनाशकारी कार्यलाई निरुत्साहित गरिनेछ।
- संघ र प्रदेश सरकारसँगको साझेदारी तथा विशेष अनुदानमा वडा नं. ३ को ने.रा.मा.वि. हनेटामा भौतिक पूर्वाधार निर्माण, वडा नं. २ को भैरव आ.वि. लाँकुरीमा ४ कोठे भवन निर्माण लगायत अन्य विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण तथा सुधार गरिनेछ ।

- संघ र प्रदेशसँग सहकार्य गर्दै अव्यवस्थित बसोबासको समस्या समाधान गर्न घरबारविहिन नागरिकहरूका लागि सञ्चालित जनता आवास र सुरक्षित नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ । सरकारी तथा सार्वजनिक जग्गा संरक्षण तथा व्यवस्थापन गर्न अतिक्रमण भएका जग्गाहरूलाई कानुन अनुसार सार्वजनिक स्वामित्वमा ल्याइनेछ।
- रोजगार सेवा केन्द्र मार्फत सञ्चालन हुने योजनाहरूमा गुणस्तरीयता कायम गर्न दक्ष कामदारहरू समेत समावेश गर्ने नीति लिइनेछ ।
- सिचाइ क्षेत्रका साना, मझौला र बृहत सिचाइ योजनाहरूको वर्गीकरण गरी व्यवस्थापन तथा सञ्चालन गर्ने नीति लिइनेछ।
- गाउँपालिका अन्तर्गत ठूला आयोजना सञ्चालन गर्नका लागि विस्तृत परियोजना प्रतिवेदन र वातावारणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरी संघ, प्रदेश सरकार र अन्य साझेदारहरूसँग निरन्तर पहल गरिनेछ।
- गाउँपालिका भित्र स्थानीय जनताको लागत सहभागिता रहने पूर्वाधार निर्माणका कार्यक्रमलाई प्राथमिकता दिइनेछ । घर निर्माणमा नक्सा पास गर्ने कार्यलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ।
- नेपाल विद्युत प्राधिकरणसँग आवश्यक सहकार्य र समन्वय गरी विद्युत वितरणमा सामुदायिक, सहकारी एवम् पालिकाको सहभागिता सुनिश्चित गर्ने गरी आवश्यक कानुनी र संरचनात्मक प्रबन्ध गरिनेछ ।
- बायो ग्याँस, सौर्य ऊर्जा, लघु जलविद्युत लगायतका वैकल्पिक ऊर्जाका प्रयोगबाट सबै परिवारमा आधुनिक ऊर्जा पुऱ्याउन, घरेलु प्रयोगमा विद्युतीय चुलो लगायत नविकरणीय ऊर्जाको उपयोग बढाइनेछ।

**(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन**

**"जलवायु अनुकुलन र विपद् व्यवस्थापनः विकास र वातावरणबीच सन्तुलन"**

जलवायु परिवर्तनको प्रतिकुल प्रभावबाट समुदायलाई सुरक्षित गर्न, पर्यावरणको संरक्षण गर्न, विकास- वातावरणबिच सन्तुलन कायम गर्न, हरित विकासलाई प्रवर्द्धन गर्न, जलवायु उत्थानशीलताका विषय र पक्षहरूलाई प्राथमिकता दिनः

- उच्च जोखिम क्षेत्रहरूमा तटबन्धन, ग्याबियन जाली, बायोइन्जिनियरिङ तथा संरक्षण संरचनाहरू निर्माण गरिनेछन्। वडास्तरमा विपद् व्यवस्थापन समितिहरू गठन गरी परिचालन गरिनेछ।
- वन तथा प्राकृतिक स्रोतहरू जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण गर्ने महत्वपूर्ण माध्यम भएकाले वन संरक्षण, वृक्षारोपण तथा हरियाली प्रवर्द्धन कार्यक्रमलाई विशेष प्राथमिकता दिइनेछ। नदी किनार, पहिरो प्रभावित क्षेत्र तथा सार्वजनिक जग्गामा वृक्षारोपण गरी वातावरणीय सन्तुलन कायम गर्न पहल गरिनेछ।
- जलवायु परिवर्तनसम्बन्धी ज्ञान, चेतना तथा व्यवहार परिवर्तनका लागि समुदायस्तरमा विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालयहरूमा वातावरण तथा जलवायु शिक्षा प्रवर्द्धन गरिनेछ। स्थानीय जोखिम उत्थानशील कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।
- जलस्रोत र प्राकृतिक स्रोतसँग सम्बन्धित क्षेत्रको योजना तयारी, सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक योजना तथा कानुन निर्माण गरिनेछ।
- जमिनमा पानीको पुनर्भरण र जमिनको जलस्तर बढाउने, तटबन्ध निर्माण, वर्षातको पानी संकलन ,पोखरीको निर्माण र संरक्षण तथा जलधार क्षेत्रको गर्ने, एकीकृत जलाधार क्षेत्र संरक्षण, बाढी पहिरो नियन्त्रण, आगलागी तथा डढेलो नियन्त्रण, जल उत्पन्न जोखिम न्यूनीकरण र जलस्रोतको बहुउपयोगका लागि **"एक टोल एक पोखरी"** अभियान सञ्चालन गरिनेछ। यसरी निर्माण हुने संरचनाहरू जलवायु उत्थानशीलतालाई ध्यानमा राखि निर्माण गरिनेछ।
- विपद् जोखिमको नक्साङ्कनका आधारमा प्राकृतिक स्रोत विपद्को सामना गर्न पूर्व तयारी, आपतकालीन उद्धार, राहत एवं पुनःनिर्माण तथा पुनर्स्थापना, बन्दोबस्तीका सामग्री, एकीकृत र सुरक्षित बस्ती विकास गर्न तीनै तहका सरकारबीच प्रभावकारी समन्वय र सहकार्य गरिनेछ।
- यस पालिकाभित्र रहेका जोखिमयुक्त स्थानहरूको पहिचान गरी जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ । प्राकृतिक तथा विपदबाट क्षति भएका विद्यालय घर लगायतका संरचनाहरूको विवरण संकलनका आधारमा उद्धार तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ।

**(ङ) सुशासन तथा संस्थागत विकासः**

**१.संस्थागत सुदृढीकरणः योजनावद्ध विकास**

**"समुन्नत लोकतन्त्रको आधारः मेलमिलाप, न्याय र मानव अधिकार"**

मानव अधिकारको सम्मान, सामाजिक न्यायको प्रत्याभूति, सामाजिक सौहार्दता, जातीय सद्भाव र सांस्कृतिक सहचार्यका माध्यमबाट समुन्नत समाज निर्माण गर्न:

- शासकीय सुधार र सुशासन प्रवर्धन तथा सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता, जनउत्तरदायित्व र सहभागिता सुनिश्चित गर्न सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सेवा प्रवाहको मूल्याङ्कन, प्रभावकारी रुपमा स्रोत साधनको परिचालन, लक्षित वर्ग केन्द्रित कार्यक्रम, विकासमा जनसहभागिता, घुम्ती सेवा, विद्युतीय माध्यमको उपयोग गरिनेछ।
- डुङ्गेश्वर गाउँपालिकाको कार्यालय,वडा कार्यालय, र मातहतका निकायहरूमा प्रशासनिक क्षमता अभिवृद्धि, जनशक्ति व्यवस्थापन, सेवा प्रवाहको सुधार र सूचना प्रविधिको उपयोगमा मार्गदर्शन गर्न जनप्रतिनिधि तथा कर्मचारीहरूलाई तालिम, गोष्ठि, अन्तरक्रिया लगायतका कार्यक्रमहरू आयोजना गरिनेछ।
- यस डुङ्गेश्वर गाउँपालिकाको कार्यालय लगायत मातहतका कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना, जनशक्ति व्यवस्थापन योजना तयार गरी जनशक्ति व्यवस्थापन र परिचालनका साथै व्यवस्थापन परीक्षण गर्ने कार्य गरिनेछ।
- प्रत्येक वर्ष आयोजना बैंकको स्थापना र मध्यमकालीन खर्च संरचनाको कार्यान्वयन गरी आवधिक योजना र बजेटबिच अन्तरआवद्धता कायम गरिनेछ।
- वार्षिक खरिद गुरु योजनाअनुसार समयमै खरिद कार्य तथा खरिद सम्झौता बमोजिम कामको गुणस्तर अनुगमन गरी कार्य सम्पन्न भएपश्चात समयमै भुक्तानी दिने व्यवस्था गरिनेछ।
- सरकारले योजना, नीति, बजेट तथा कार्यक्रम तयार गर्दा दोहोरोपना नहुने गरी संघ र प्रदेश सरकारसँग समन्वय एवम् सहकार्य गर्दै विनियोजित स्रोतको कुशलतापूर्वक परिचालन गरिनेछ।
- दिगो विकासको लक्ष्य प्राप्ति गर्न सार्वजनिक, निजी, सहकारी, सामुदायिक र गैर सरकारी संस्थाको भूमिका अभिवृद्धि गरी संस्थागत सुशासन कायम गरिनेछ। साथै दिगो विकास लक्ष्य कोडिङ्ग गर्ने कार्यको थालनी गरिनेछ ।
- नीति निर्माण, योजना तर्जुमा, बजेट तथा कार्यक्रम तर्जुमाको प्रक्रियामा महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, युवा लगायत सबै वर्ग र समुदायको सहभागिता सुनिश्चित गरिनेछ।
- महालेखा परीक्षकको लेखापरीक्षण प्रतिवेदनले देखाएका बेरूजु फछर्यौट कार्यलाई प्रथामिकता दिदै लेखा समितिलाई सक्रियता साथ लेखापरीक्षण तथा समपरीक्षणका लागि बेरुजु फछर्यौट कार्यविधि अनुरुप क्रियाशील गराइनेछ ।
- योजना तथा कार्यक्रमहरूलाई तथ्याङ्कसँग आवद्ध गर्नका लागि आवश्यक विभिन्न तथ्याङ्कहरू समय समयमा संकलन गरी संकलित तथ्याङ्कहरूको अभिलेख व्यवस्थापन गरी सो अनुरुप विकास निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।
- संघीय सरकारले वृद्धि गरेको तलबमान अनुसार दरबन्दीमा रहेका कर्मचारीहरू र अस्थायी करार सेवामा कार्यरत कर्मचारीको सेवा सुविधामा तह अनुरूप समायोजन गरिनेछ । साथै गाउँपालिकाले सिर्जना गरेका दरबन्दीमा कार्यरत कर्मचारीहरू र श्रेणीविहिन विद्यालय कर्मचारी तथा बालविकास सहजकर्ताहरूको न्यूनतम पारिश्रमिक कायम गरी क्रमशः सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ ।
- गाउँपालिका तथा अन्य सरकारी संस्थाबाट वर्षभरी भए गरेका काम कारबाहीको मूल्याङ्कन तथा कार्यक्रमहरूको सुधारात्मक पक्ष समेतको लागि निर्दिष्ट ढाँचा तयार गरी हरेक वर्ष वडास्तरबाट समेत नागरिक सन्तुष्टि सर्वेक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**२. सूचना तथा सञ्चार प्रविधिः**

- जनशक्तिको क्षमता अभिवृद्धि गर्न सूचना प्रविधिसम्बन्धी तालिमको व्यवस्था गरी सबै कार्यालयहरूबाट हुने सेवालाई छिटो छरितो र भरपर्दो बनाइनेछ। साथै गाउँपालिका तथा वडा कार्यालयहरूबाट प्रदान गरिने सेवाहरूलाई क्रमश डिजिटाइजेशन गर्ने कार्यलाई निरन्तरता दिंदै लगिनेछ।
- विद्युतीय माध्यम एवम् नविन प्रविधिको उच्चतम उपयोग गरी सेवा प्रवाहको गुणस्तर अभिवृद्धि, जनस्तरमा सूचनाको नियमित र सहज पहुँचको प्रबन्ध गर्न डिजिटल प्रशासन प्रवर्द्धन कार्यक्रम लागू गरिनेछ।
- पालिकाको Website, Digital Interactive Board, पत्रपत्रिका, टेलिभिजन एवम् सामाजिक सञ्जालको सञ्चालन तथा अधिकतम प्रयोग मार्फत जनचेतना, कृषि सेवा, मौसमको पूर्वअनुमान, यातायात तथा ट्राफिक संकेत र सूचना, बजार मूल्य, विपद् तथा महामारीसम्बन्धी सचेतना फैलाइनेछ।

- स्थानीय सञ्चारकर्मी, सञ्चार गृहको संस्थागत विकास एवम् क्षमता विकासको लागि आपसी समन्वय र सहकार्य गरिनेछ । सञ्चार सेवालाई प्रभावकारी बनाउन नेपाल टेलिकम, एनसेल प्रा.लि. र इन्टरनेट सेवा प्रदायकसँग थप स्थानमा प्रशारण टावर र लाइन विस्तार गर्न पहल गरिनेछ।
- सामाजिक संजालको बढ्दो प्रयोग सँगै हुन सक्ने असुरक्षा तथा साइबर अपराधसम्बन्धी सचेतना तथा साइबर सुरक्षा कार्यक्रम सञ्चालन सुरक्षा निकायको समन्वयमा नागरिकहरूलाई यसको सही प्रयोग गर्न अभिप्रेरित गरिनेछ।

**३.न्याय, शान्ति सुरक्षा र सार्वजनिक सम्पत्ति संरक्षण**

- आर्थिक रुपले विपन्न र पिछडिएका वर्ग तथा समुदायका व्यक्तिहरूलाई न्यायमा पहुँच पुऱ्याउन कानूनी सहायता प्रदान गरिनेछ ।
- गाउँ तथा टोलस्तरमा हुने गरेका विवादहरूलाई मेलमिलापकर्ताको माध्यमबाट वडास्तरबाट मिलापत्र गराई आपसी सद्भाव ,विश्वबन्धुत्व र भाईचाराको सम्बन्धको विकास गरिनेछ ।
- ऐन कानुनमा भएका व्यवस्था र हक अधिकारका बारेमा प्रत्येक नागरिकलाई सचेत तथा जागरुप गराउन प्रत्येक वडामा कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । पालिका भित्र शान्ति र अमनचयनको वातावरण सिर्जना गर्न नेपाल प्रहरी लगायतका सुरक्षा निकायसँग प्रभावकारी रूपमा सहकार्य गरिनेछ।
- गाउँपालिकाको कार्यालय र यस अन्तर्गतका वडा कार्यालयहरू लगायत अन्य कार्यालयहरूको वार्षिक जिन्सी निरीक्षण समितिबाट पेस गरिएको प्रतिवेदनका आधारमा आवश्यक काम कारबाही गरिनेछ।

**४.राजश्व परिचालन तथा वित्तिय व्यवस्थापनः**

- करको सम्भावित नयाँ क्षेत्रको पहिचान गरी सबै व्यक्ति र संस्थालाई करको दायरामा ल्याईनेछ साथै करदाताहरूको अभिलेख गर्ने प्रविधिलाई निरन्तरता दिइनेछ।
- अभिमूखीकरण कार्यक्रम सञ्चालन गरी व्यवसाय दर्ता र नवीकरण नगरेका उद्यमी तथा व्यवसायीहरूलाई दर्ता तथा नवीकरणको प्रक्रियामा ल्याइनेछ । आर्थिक क्रियाकलापहरूको निश्चित समयमा गाउँपालिकाको वेवसाइट वा सूचना पाटीमा सार्वजनिक गरिनेछ ।
- विपद व्यवस्थापन कोष, कर्मचारी कल्याण कोष जस्ता आवश्यक कोषहरूको स्थापना र व्यवस्थापन गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरू,**

प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम तयारीमा सहयोग पुऱ्याउने स्थानीय राजश्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवम् गाउँपालिका उपाध्यक्षज्यू र समितिका सदस्यज्यूहरू, गाउँ कार्यपालिकाका सदस्यहरूज्यूहरू, गाउँसभाका सदस्यज्यूहरू, सबै विषयगत समितिका संयोजक तथा सदस्यहरूज्यूहरू, विभिन्न वौद्धिक वर्गप्रति हार्दिक आभार प्रकट गर्दछु।यस वर्षको नीति तथा कार्यक्रम तर्जुमाको क्रममा आ–आफ्नो तर्फबाट हामीलाई पत्राचार, ईमेल तथा फोन लगायत विभिन्न माध्ययमबाट सल्लाह सुझाव दिनुहुने बुद्धिजिवी, निजी क्षेत्र, नागरिक समाज तथा सामुदायिक संघ संगठनहरू, पत्रकार, गाउँपालिकावासी, स्वदेश तथा विदेशमा रहनु भएका दिदी बहिनी, दाजुभाइहरूका साथै यस नीति तथा कार्यक्रम निर्माणको क्रममा निरन्तर रूपमा खटेर सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पूर्ण कर्मचारीहरूलाई धेरै-धेरै धन्यवाद ज्ञापन गर्दछु। संविधानले निर्दिष्ट गरे अनुरूपको कार्य गर्ने हाम्रो दायित्व हो।सम्पूर्ण डुङ्गेश्वर गाउँपालिकावासीमा सुशासनको प्रत्याभूति गराउनुका साथै विकास र समृद्धिको लागि योजनाबद्ध ढङ्गले अगाडि बढ्दै नमूना र समृद्ध डुङ्गेश्वर गाउँपालिका बनाउने मेरो दृढ संकल्प र अठोट रहेको छ ।

धन्यवाद !

सुन्दर कुमार के.सी.

अध्यक्ष

डुङ्गेश्वर गाउँपालिका, दैलेख ।